नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

## राष्ट्रिय विज्ञान दिवस आयोजना गर्ने सम्बन्धमा

## प्रेस-विज्ञप्ति

विज्ञान र प्रविधिको क्षेत्रमा सरोकारवालाहरु सबैको ध्यानाकर्षण गर्न तथा यस क्षेत्रमा लागेका नव प्रतिभाहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यहि असोज १ गते सातौं राष्ट्रिय विज्ञान दिवस २०७६ विभिन्न कार्यक्रमका साथ भव्य रुपमा मनाउन गइरहेको छ ।अमृत साइन्स क्याम्पस स्थापना भएको मितिलाई आधार मानी नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०६९।०८।०८ मा निर्णय भए बमोजिम वि.सं. २०७० साल देखि राष्ट्रिय विज्ञान दिवस मनाउने गरीएको हो । सातौं राष्ट्रिय विज्ञान दिवस, २०७६ भव्यताका साथ मनाउन माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलज्यूको संयोजकत्वमा ४३ सदस्यीय मूल समारोह समिति गठन भइ विश्वविध्यालयका प्राज्ञहरू, वैज्ञानिकहरु, विभिन्न मन्त्रालय विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, बि.पी. कोईराला मेमोरियल प्लानेटोरियम, विधि विज्ञान प्रयोगशाला, विभिन्न संघ/संस्था तथा निकायका पदाधिकारीहरुसमेतको उपस्स्थितिमा समितिको पहिलो वैठक आज मिति २०७६/०५/१० गते बसी कार्यक्रमलाई भव्य रूपबाट मनाउने निर्णय गरेको छ । बैठकबाट मूल समारोह समितिमा विज्ञानका क्षेत्रमा क्रियाशील नीजि क्षेत्रको समेत प्रतिनिधित्व गराउने, स्थानीय तथा प्रदेश तहमा पनि विभिन्न कार्यक्रमका साथ विज्ञान दिवस मनाउन सम्बन्धित सबैलाइ अनुरोध गर्ने, विज्ञानलाइ विद्यालय तहदेखिनै जोड्नेगरी विज्ञान सङ्ग सम्बन्धित सबै क्षेत्र, निकाय तथा विद्यालयहरूलाई आ-आफ्नो स्थानबाट विभिन्न कार्यक्रमहरू आयोजना गरी सातौं राष्ट्रिय विज्ञान दिवसलाइ सप्ताहव्यापी रूपमा अझ व्यवस्थित र प्रभावकारी ढङ्गले मनाउन अनुरोध गर्ने निर्णय गरिएको छ ।

मितिः २०७६ भाद्र १०

बैकुण्ठप्रसाद अर्याल
प्रवक्ता एवं सहसचिव
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय